# मालिका गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः२ | संख्याः ६ | मितिः २०७५/१/१४ |

भाग-२

मालिका गाउँपालिका

## मालिका गाउँपालिका, गुल्मीको शिक्षा ऐन, २०७५

## **मालिका गाउँपालिका, गुल्मीको शिक्षा (पहिलो संशोधन) ऐन, २०८०**

गाउँ सभाबाट स्वीकृत मितिः २०८०।०९।२६

प्रमाणीकरण मितिः २०८०।१०।०३



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

प्रस्तावना

*प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरूको व्यवस्थापन र सञ्चालन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा कानुन बनाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मालिका गाउँपालिका, गुल्मीको गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम मालिका गाउँपालिका गुल्मीको शिक्षा ऐन, २०७५ रहेको छ।

(२) यो ऐन *स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले ४ वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ।

(ख) "आधारभूत शिक्षा" भन्नाले पूर्व प्राथमिक शिक्षादेखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ।

(घ) "विशेष शिक्षा" भन्नाले दृष्टिबिहीन, न्यून दृष्टियुक्त, शुष्तश्रवण, अटिज्म, बौद्धिक अपाङ्गता, अति अशक्त शारीरिक अवस्था भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ।



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(ङ) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(च) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(छ) “गाउँपालिका” भन्नाले मालिका गाउँपालिका, गुल्मीलाई सम्झनु पर्छ ।

(ज) “स्थानीय तह” भन्नाले मालिका गाउँपालिका, गुल्मीलाई जनाउँछ ।

(झ) “विद्यालय” भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ञ) “प्राथमिक विद्यालय” भन्नाले कक्षा १ देखि ५ सम्मको शिक्षा प्रदान गर्ने विद्यालय सम्झनु पर्छ ।

(ट) “माध्यमिक विद्यालय” भन्नाले खण्ड (ख) र(ग) बमोजिमको शिक्षा प्रदान गर्ने विद्यालय सम्झनु पर्छ ।

(ठ) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ड) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ । *सो शब्दले विद्यालय व्यवस्थापन समिति छनोट गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ढ) “तोकिए वा तोकिए बमोजिम” भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा तोके वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) “अनुमति” भन्नाले स्थानीय तहले स्थायी स्वीकृति सहायता प्रदान गरी नसकेको कुनै तोकेको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृति जनाउँछ ।



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(त) “स्वीकृति” भन्नाले तोकिए बमोजिम शर्त पूरा गरेका विद्यालयलाई स्थानीय तहले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(थ) “आवासीय विद्यालय” भन्नाले स्थानीय तहबाट आवासीय विद्यालयकोरूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(द) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालनका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ध) “गाउँ शिक्षा समिति” भन्नाले मालिका गाउँपालिका अन्तर्गतको गाउँ शिक्षा समिति सम्झनुपर्छ ।

*(न) “परम्परागत शिक्षा” भन्नाले संस्कृत धारमा पढाइ हुने विद्यालयका अतिरिक्त गुरुकुल, गुम्बा, आश्रम तथा मदरसालगायतका परम्परागत शैक्षिक संस्थामा अध्ययन हुने शिक्षालाई सम्झनुपर्छ ।

३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः

(१) स्थानीय तहले बाहेक *कुनै समुदायले सामुदायिक विद्यालय खोल्न वा कुनै संगठित संस्थाले संस्थागत विद्यालय खोल्न चाहेमा तोकेको विवरण खुलाई सम्बन्धित वडा शिक्षा समितिको सिफारिस सहित गाउँपालिकामा अनुमतिको लागि रितपूर्वक निवेदन दिनुपर्नेछ । संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय गुठीमा सञ्चालन गर्ने गरी निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी जाँचबुझको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्नेछ । प्रतिवेदन अनुसार विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा गाउँ शिक्षा समितिले अनुमतिको लागि गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ । कार्यपालिकाले अनुमति दिन मनासिव ठहर गरेमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिन सक्नेछ ।



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(३) उपदफा (२) वमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा स्थानीय तह वा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई निजी गुठी †...कोरूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति प्रदान गरिने छैन।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवन वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

*(४क) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने छ।

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने छ ।

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएकोहुनुपर्ने छ ।

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

*(४ख) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने गरी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिकामा प्रक्रियागत रूपमा निवेदन दिनु पर्नेछ । त्यस्तो निवेदन उपर गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट आवश्यक जाँचबुझ गरी तयार पारिएको प्रतिवेदनका आधारमा गाउँ शिक्षा समितिको



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

सिफारिसमा गाउँ कार्यपालिकाबाट सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्ने गरी त्यस्ता संस्थालाई विद्यालय खोल्न अनुमति प्रदान हुन सक्नेछ ।

*(४ग) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा संघीय सरकारसँग सम्झौता भएमा वा यसरी विद्यालय खोल्न कुटनैतिक नियोगबाट सिफारिस भएमा स्थानीय तहले शर्त तोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (५)बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा स्थानीय तहले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ । सो को जानकारी नेपाल सरकारलाई गराउनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागु हुने छैन ।

४. विद्यालयको सञ्चालनः विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५. परीक्षा परिचालन र नियन्त्रणः प्राथमिक तह उत्तीर्ण परीक्षा, आधारभूत तह उत्तीर्ण परीक्षा र माध्यमिक तह उत्तीर्ण परीक्षाको समन्वय गर्नको लागि देहायबमोजिमको एक परीक्षा समन्वय समिति रहनेछ ।

(क) गाउँ शिक्षा समितिको अध्यक्षः संयोजक

(ख) गाउँपालिकाको शिक्षा हेर्ने विषयगत समितिको संयोजकः सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(घ) माध्यमिक तथा आधारभूत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट २ जनाः सदस्य

*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(ङ) परीक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन क्षेत्रका विज्ञहरूमध्ये परीक्षा समन्वय समितिले मनोनित गरेको दुईजनाः सदस्य

(च) गाउँपालिका भित्र रहेको प्रहरी चौकीको इन्चार्जः सदस्य

(छ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखः सदस्य सचिव

(१) परीक्षा समन्वय समितिको बैठक, परीक्षा सञ्चालन तथा समन्वय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

*(२) दफा ५ बमोजिमको समितिको मातहतमा रही गाउँपालिका स्तरमा हुने परीक्षाको सञ्चालन तथा व्यवस्थापनको लागि एक परीक्षा सञ्चालन समिति रहनेछ ।

*(३) उपदफा (२) बमोजिमको समितिको गठन तोकिए बमोजिम हुनेछ ।

६. माध्यमिक शिक्षाको प्रकारः

माध्यमिक शिक्षाको प्रकार देहाय बमोजिम हुनेछ : (क) साधारण शिक्षा (ख) परम्परागत शिक्षा (ग) प्राविधिक शिक्षा

७. विशेष शिक्षा, अनौपचारिक शिक्षा तथा दूर शिक्षाको सञ्चालन र अन्य व्यवस्थाः

(१) विशेष शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(२) विशेष शिक्षाको सञ्चालन गर्न नियुक्त कर्मचारी र शिक्षकको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) अनौपचारिक शिक्षा तथा दूर शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

८. शिक्षाको माध्यमः

(१) विद्यालय शिक्षाको माध्यम नेपाली वा अंग्रेजी वा दुवै भाषामा हुन सक्नेछ । प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनिभाषा विषय सिकाउँदा पढाइको माध्यम सोही भाषा हुनेछ । * नेपाली मौलिक कला, संस्कृति, सभ्यता, सामाजिक



*पहिलो संशोधनबाट थपिएको ‡ पहिलो संशोधनबाट हटाइएको

रहनसहन समेटिएका सामाजिक अध्ययनका विषयहरू नेपाली वा मातृभाषामा अध्यापन गराउनु पर्नेछ ।

९. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः  विद्यालयले नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम र पाठ्यपुस्तक लागु  गर्नु पर्नेछ ।

*१०.गाउँपालिका भित्र सञ्चालित विद्यालयहरूको रेखदेख र व्यवस्थापन गर्ने समेतको लागि गाउँपालिकामा एक गाउँ  शिक्षा समितिको गठन हुनेछ ।

*(१) गाउँ शिक्षा समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँकार्यपालिकाको प्रमुख :  अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्षः सदस्य

(ग) गाउँपालिकाको शिक्षा हेर्ने विषयगत समितिको संयोजकः सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(ङ) गाउँ सभाबाट महिला तथा दलितको प्रतिनिधित्व हुने गरी ३ जना : सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जनाः सदस्य

(छ) सामुदायिक विद्यालयका वि.व्य.स. अध्यक्षहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना : सदस्य

(ज) पराम्परागत वा संस्थागत वा सामुदायिक अध्ययन केन्द्रबाट गाउँ शिक्षा समितिले मनोनित गरेको  १ जनाः सदस्य

(झ) शिक्षा क्षेत्रमा योगदान पु-याएका गाउँपालिका भित्रका शिक्षाप्रेमी, बुद्धिजीवी तथा समाजसेवी मध्येबाट अध्यक्षबाट मनोनित गरेको एकजना महिला समेत २ जनाः सदस्य

(ञ शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखः सदस्य सचिव

(२) शिक्षक महासंघका अध्यक्ष वा प्रतिनिधिलाई शिक्षा समितिको बैठकमा आमन्त्रण गरिनेछ।

(३) उपदफा १ बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।  मनोनित सदस्यले

*पहिलो संशोधनबाट थपिएको   † पहिलो संशोधनबाट हटाइएको

आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) शिक्षा समितिको नियमित बैठक महिनामा एक पटक बस्नु पर्नेछ ।

(५) शिक्षा समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) शिक्षा सम्बन्धी गाउँपालिका स्तरीय योजना तर्जुमा गर्ने,

(ख) सामुदायिक विद्यालयलाई आर्थिक सहयोग .पु-याउन सम्बन्धित वडा समितिलाई अभिप्रेरित गर्ने,

(ग) गाउँपालिका भित्र मर्यादित र स्वच्छ वातावरणमा परीक्षा सञ्चालन गर्न सहयोग गर्ने,

(घ) गाउँपालिका तहको शैक्षिक गुणस्तर विकासको लागि स्रोत जुटाउन व्यवस्था गर्ने,

(ङ)सामुदायिक विद्यालयको लेखा परीक्षकको पारिश्रमिक निर्धारण गर्ने ,

(च) संघीय र प्रदेश सरकारको नीति अनुरूप गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा प्राथमिक विद्यालयहरूलाई विद्यार्थी संख्या र विषयगत आधारमा उपलब्ध दरबन्दी वितरण र मिलान गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यकताअनुसार निर्देशन दिने ,

(ज) शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३). शिक्षा समिति विघटन गर्न सकिनेः

(क) गाउँ शिक्षा समिति वा वडा शिक्षा समितिले तोकिए बमोजिमको जिम्मेवारी पूरा गर्न नसकेमा गाउँसभाले त्यस्तो शिक्षा समितिलाई विघटन गर्न सक्नेछ ।

(ख) खण्ड (क) बमोजिम शिक्षा समिति विघटन भएपछि अर्को शिक्षा समिति गठन



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

नहुँदासम्मको लागि शिक्षा समितिको काम गर्न एक अस्थायी शिक्षा समिति गठन गर्न सकिनेछ ।

११. गाउँपालिकामा शिक्षा सम्बन्धी कार्य गर्न एक शिक्षा शाखा रहनेछ ।

(१) शिक्षा, युवा तथा खेलकुद शाखामा एक शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा शिक्षा अधिकृत रहनेछ ।

(२) शिक्षा अधिकृत वा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

*११क. गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका विद्यालयहरूमा शैक्षिक क्रियाकलापहरूको निरीक्षण, अनुगमन तथा शैक्षणिक समस्याहरूको सहजीकरण गर्न गाउँपालिकाले निरीक्षक वा स्रोत शिक्षकको व्यवस्था गर्न सक्नेछ ।

(१) दफा ११क बमोजिम तोकिने निरीक्षक वा स्रोत शिक्षक सामुदायिक विद्यालयका माध्यमिक तहमा नियुक्त कम्तीमा १० वर्ष अनुभव प्राप्त स्थायी शिक्षकमध्येबाट तोक्न सकिनेछ ।

(२) निरीक्षक तथा स्रोत शिक्षकको अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१२. ....†

१३. .... †

१४. अस्थायी वा करार शिक्षक छनोट समिति सम्बन्धमा:

(१) गाउँपालिका क्षेत्रमा सञ्चालन भएका सामुदायिक विद्यालयका रिक्त स्वीकृत दरबन्दीमा स्थायी शिक्षकको पदपूर्ति नहुँदासम्मको लागि करार सेवामा शिक्षक नियुक्ति गर्न वा गाउँपालिकाको आफ्नो स्रोतबाट करार सेवामा शिक्षक नियुक्ति गर्न एक अस्थायी वा करार शिक्षक छनोट समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमका पदाधिकारी रहनेछन्:

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत: संयोजक

*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(ख) गाउँकार्यपालिकाबाट मनोनित एक जना शिक्षाविद्: सदस्य

(ग) गाउँपालिकाको विज्ञसूचीमा सूचीकृत विषयगत विज्ञहरूमध्येबाट हरेक परीक्षामा विज्ञापन गरिएको पदको तह र विषयको आधारमा गोलाप्रथाबाट छनोट गरिएको कम्तीमा एक जना विषय विज्ञ - सदस्य

(घ) सम्बन्धित विद्यालयको प्र.अ. (दुई वा दुई भन्दा बढी विद्यालयको एउटै विज्ञापनमा दरखास्त माग गरी शिक्षक छनोट गरिने भए सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरूमध्ये ज्येष्ठ प्र.अ.) - सदस्य

(ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा संयोजकले तोकेको शिक्षा शाखाको कर्मचारी -सदस्य सचिव

(३) अस्थायी वा करार शिक्षक छनोट समितिको अन्य काम कर्तव्य, अधिकार, बैठक तथा शिक्षक छनोट सँग सम्बन्धित विधि तोकिए बमोजिम हुनेछ ।

१५. अध्यापन अनुमति पत्र लिनुपर्ने:

(१) यो ऐन प्रारम्भ भए पछि कसैले पनि अध्यापन अनुमतिपत्र बिना अध्यापन गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शिक्षक अभावमा विद्यालयले न्यून प्रोत्साहन उपलब्ध गराई राखेका वा राख्नुपर्ने न्यूनतम योग्यता पुगेका तर अध्यापन अनुमतिपत्र नभएका स्वयम सेवक शिक्षकको हकमा अध्यापन अनुमतिपत्र बाध्यकारी हुनेछैन।

*(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अंग्रेजी, विज्ञान, गणित, लेखा, प्राविधिक धारका विषयगत रिक्त दरबन्दीमा लगातार दुई पटक क्रमशः १५ र ७ दिने विज्ञापन गर्दा पनि कुनै पनि अध्यापन अनुमतिपत्र प्राप्त व्यक्तिले आवेदन पेश नगरेमा अनुमतिपत्र नभएको तर न्यूनतम योग्यता हासिल गरेको उम्मेदवारले रिक्त पदमा तेस्रो ३ दिने विज्ञापनमा आवेदन दिन बाधा पुग्ने छैन । त्यसरी आवेदन पेश गरेको आवेदक रिक्त



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

पदमा छनोट भएमा शिक्षक सेवा आयोगबाट सञ्चालित पहिलो अध्यापन अनुमति पत्रको परीक्षा उत्तीर्ण गर्न नसकेमा निज सो शिक्षक पदबाट स्वतः पदमुक्त हुनेछ ।

१६. अनुदान कटौटी नगरिनेः यो ऐन प्रारम्भ हुँदाको बखत सामुदायिक विद्यालयलाई दिइदैँ आएको अनुदान रकममा कटौटी हुने छैन ।

*१६क. शिक्षक दरबन्दी कमी भई विद्यालयको शिक्षण सिकाइ प्रभावित भएका सामुदायिक विद्यालयहरूलाई गाउँपालिकाले तोकिएको शिक्षण अनुदान प्रदान गर्न सक्नेछ ।

(१) गाउँपालिकाबाट प्राप्त उक्त शिक्षण अनुदानबाट विद्यालयले आवश्यक तह र विषयको शिक्षक करारमा नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था गरिएका शिक्षकलाई दरबन्दी मिलान वा अन्य कुनै माध्यमबाट शिक्षक पदपूर्ति भई उक्त विद्यालयको शिक्षण सिकाइमा सिर्जित समस्या समाधान भएको अवस्थामा वा विद्यालयलाई प्रदान गरिएको त्यस्तो आर्थिक स्रोत सुनिश्चिततामा कठिनाई सिर्जना भएमा पदमुक्त गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम पदमुक्त भएका शिक्षकलाई गाउँपालिकामा हुने शिक्षक छनोट प्रतियोगितामा तोकिएबमोजिम अनुभवको अङ्क प्रदान गर्न सकिनेछ ।

१७. छात्रबृत्तीको व्यवस्था गर्न सक्नेः

(१) स्थानीय तहले आधारभूत शिक्षा र माध्यमिक शिक्षाका लागि भर्ना भई अध्ययनरत विद्यार्थीलाई तोकिए बमोजिमको छात्रवृत्ती व्यवस्था गर्न सक्नेछ ।

*(२) उपदफा (१) बमोजिम प्रदान गरिने छात्रवृत्ती प्राप्त गर्ने विद्यार्थीको छनोट तथा छात्रवृत्ती वितरण तोकिए बमोजिम हुनेछ ।

*(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाले गाउँपालिका भित्र बसोबास गर्ने बिपन्न, अल्पसंख्यक, दलित, दन्द्धपिडित लगायत सामाजिक आर्थिक तथा राजैनैतिक उत्पिडनमा परेका नागरिकलाई उच्च शिक्षामा उत्प्रेरित गर्न छात्रवृत्तीको व्यवस्था गर्न सक्नेछ ।

*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

*१७क. वडाभित्र सञ्चालनमा रहेका विद्यालयहरूको रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक वडामा एक वडा शिक्षा समिति रहनेछ ।

(१) वडा शिक्षा समितिको गठन देहाय बमोजिम हुनेछः

(क) वडाध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्यः अध्यक्ष

(ख) वडासमितिले आफूहरूमध्ये छानेको १ जना महिलासमेत पर्ने गरी २ जनाः सदस्य

(ग) वडा क्षेत्र भित्र माध्यमिक तहसम्म सञ्चालित विद्यालयका प्रधानाध्यापकमध्ये वडा शिक्षा समितिले मनोनित गरेको एकजनाः सदस्य

(घ) वडा क्षेत्रभित्र आधारभूत तहसम्म सञ्चालित विद्यालयका प्रधानाध्यापकमध्ये वडा शिक्षा समितिले मनोनित गरेको एकजनाः सदस्य

(ङ) वडा क्षेत्रभित्र सञ्चालित विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरूमध्ये वडा शिक्षा समितिले मनोनित गरेको एकजनाः सदस्य

(च) शिक्षा क्षेत्रमा योगदान पुऱ्याएका वडा क्षेत्रभित्रका शिक्षाविद, बुद्धिजीवी र समाजसेवीहरूमध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको एकजना दलित वा अल्पसंख्यक वा महिला पर्ने गरी २ जनाः सदस्य

(छ) वडा सचिवः सदस्य सचिव

*(२) वडा समितिमा मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

वडा समितिको काम कर्तव्य र अधिकार, बैठकसँग सम्बन्धित कार्यविधि तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. सामुदायिक विद्यालयको व्यवस्थापन समितिः

(१) सामुदायिक विद्यालयमा सञ्चालन व्यवस्थापन, रेखदेख र नियन्त्रण गर्न एक विद्यालय व्यवस्थापन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको गठन देहायबमोजिम हुनेछः



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(क) खण्ड (ख), (ग) र (ङ) बमोजिमका सदस्यहरूमध्ये सर्वसम्मत रुपमा छनोट भएको व्यक्ति वा सर्वसम्मत हुन नसकेको अवस्थामा गाउँ कार्यपालिकाले उक्त खण्ड बमोजिमका सदस्यहरूमध्ये गाउँ कार्यपालिकाबाट तोकिएको व्यक्ति- अध्यक्ष

(ख) सम्बन्धित विद्यालयका अभिभावकमध्ये २ जना महिला तथा १ जना दलित पर्ने गरी अभिभावकहरूले आफूहरूमध्येबाट छानेका ४ जना - सदस्य

(ग) विद्यालय रहेको वडा समितिले विद्यालयमा योगदान पुऱ्याएका चन्दादाता, बुद्धिजीवी, संस्थापक, शिक्षाप्रेमीहरूबाट छानेको २ जना - सदस्य

(घ) शिक्षकहरूले आफूहरूमध्येबाट छानेको १ जना -सदस्य

(ङ) विद्यालय रहेको वडाध्यक्ष वा वडाध्यक्षले छानी पठाएको एक जना वडा समितिको पदाधिकारी - सदस्य

(ङ) प्रधानाध्यापक- सदस्य सचिव

(३) विद्यालय व्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ। विद्यालय व्यवस्थापन समितिको बैठक प्रत्येक २ महिनामा बस्नेछ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले राजिनामा गरे वा अन्य कुनै कारणले पद रिक्त भएमा जुन प्रक्रियाबाट उक्त सदस्यको छनोट भएको हो, सोही तरिकाले छनोट गरी समितिमा पदपूर्ति गर्नु पर्नेछ।

(५) विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यालयको सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षागर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अध्यावधिक गराइराख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाका आधारमा विद्यालयको वातावरण धुमिल्याउन नदिने,

*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(च) गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखाबाट खटिएका शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) गाउँपालिका अन्तर्गत रहेका शिक्षा,युवा तथा खेलकुद शाखाबाट तोकेका लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने,

(झ) शिक्षा समिति र शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्राप्त निर्देशन पालना गराउने,

(ञ) शिक्षक अभिभावक संघ गठन गर्ने,

(ट) विद्यालयमा शिक्षक तथा कर्मचारीको पद रिक्त भएमा तुरुन्त शिक्षा, युवा तथा खेलकुद शाखामा जानकारी पठाउने र शिक्षक पदपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने,

(६) संस्थागत विद्यालयको व्यवस्थापन समितिः

(१) संस्थागत विद्यालयको व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट विद्यालयको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले मनोनित- अध्यक्ष

(ख) अभिभावकहरूमध्येबाट एकजना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरूमध्येबाट सम्बन्धित गाउँपालिकाले मनोनित गरेको एकजना - सदस्य

(घ) सम्बन्धित विद्यालयको शिक्षकहरूले पठाएको एकजना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक- सदस्य-सचिव

(७) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयको सञ्चालनका लागि प्राप्त साधन स्रोतको परिचालन गर्ने,



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने,

(ङ) संघीय सरकारले लागु गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्यरूपमा लागु गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरू पढाउन आवश्यक देखिएमा सम्बन्धित निकायबाट स्वीकृति लिने,

(च) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पुगेका व्यक्तिहरूलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) संघीय सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने

(ज) अनुशासनहिन शिक्षक उपर कारबाही गर्ने ,

(झ) स्थानीय तहले दिएको निर्देशनहरूको पालना गर्ने,

(८) संस्थागत विद्यालयको व्यवस्थापन समितिको बैठकसम्बन्धि कार्यविधि सामुदायिक विद्यालयको व्यवस्थापन समितिको कार्यविधि सरह हुनेछ ।

१९. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः

(१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सो को आधार खोली गाउँ कार्यपालिकाले विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(३) विद्यालय व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२०. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः

(१) प्रत्येक विद्यालयमा प्राज्ञिक तथा प्रशासकीय प्रमुखकोरूपमा काम गर्न एक प्रधानाध्यापकको व्यवस्था हुनेछ ।



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(२) सार्वजनिक विद्यालयको प्रधानाध्यापक छनोट गर्न देहायअनुसारको छनोट समिति गठन हुनेछः

(क) प्रमुख प्रशासकीय अधिकृतः संयोजक

(ख) गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट मनोनित १ जना महिला पर्ने गरी ३ जना विद्यालय शिक्षा वा विद्यालय प्रशासन क्षेत्रमा कम्तीमा १० वर्ष अनुभव प्राप्त, कम्तीमा स्नातकोत्तर उपाधी हासिल गरेको ख्याती प्राप्त शिक्षाविदः सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखः सदस्य सचिव

(३) प्रधानाध्यापक हुन देहायको योग्यता हुनु पर्नेछः

(क) माध्यमिक विद्यालयको प्रधानाध्यापक हुन सम्बन्धित तहमा कम्तीमा ५ वर्ष स्थायी सेवाको अनुभव प्राप्त, स्नातकोत्तर उपाधी हासिल गरेको शिक्षक हुनु पर्नेछ।

(ख) आधारभूत विद्यालयको प्रधानाध्यापक हुन सम्बन्धित तहमा कम्तीमा ५ वर्ष स्थायी सेवाको अनुभव प्राप्त, स्नातक उपाधी हासिल गरेको शिक्षक हुनु पर्नेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सामुदायिक विद्यालयमा प्रधानाध्यापकको पद रिक्त भएको तर तत्काल प्रधानाध्यापक छनोट हुन नसके उक्त विद्यालयको वरिष्ठ शिक्षकले प्रधानाध्यापकको निमित्त प्रधानाध्यापक भई कामकाज चलाउनु पर्नेछ।

(५) प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ। कुनै शिक्षक कुनै एक विद्यालयमा बढीमा २ कार्यकालसम्म मात्र प्रधानाध्यापक रहन सक्नेछ।

(६) प्रधानाध्यापकको छनोटसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(७) प्रधानाध्यापकको काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. गाउँपालिकामा एक शिक्षा कोष रहनेछ।

(१) गाउँपालिका शिक्षा कोषमा देहाय बमोजिम रकम रहनेछः

(क) संघीय सरकारबाट प्राप्त रकम

*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) गाउँपालिकाले आफ्नो स्रोतबाट शिक्षाको लागि बिनियोजित रकम

(घ) शुल्कबाट प्राप्त रकम

(ङ) चन्दा एवं अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ
।

२२. प्रत्येक विद्यालयमा एक विद्यालय कोष हुनेछ।

(१) विद्यालय कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) संघीय सरकारबाट प्राप्त रकम

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) गाउँपालिकाबाट प्राप्त रकम

(घ) शुल्कबाट प्राप्त रकम

(ङ) चन्दा एवं अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिएबमोजिम हुनेछ।

२३. स्थानीय तहले निर्देशन दिन सक्ने:

(१) स्थानीय तहले आवश्यकताअनुसार गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र विद्यालयलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशन पालना गर्नु गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शैक्षिक संस्थाको कर्तव्य हुनेछ।

२४. विद्यालय समायोजन तथा नामकरणसँग सम्बन्धित व्यवस्था

(१) गाउँ कार्यपालिकाले एक स्थानमा सञ्चालन भईराखेको विद्यालयलाई अर्को स्थानमा स्थानान्तरण गर्न सक्नेछ। तर स्थानान्तरण गर्नु अघि स्थानान्तरण गर्नुपर्ने वा नपर्ने



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

सम्बन्धमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा एक विज्ञ टोली गठन गरी प्रतिवेदनको आधारमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले उक्त विद्यालयलाई स्थानान्तरण गर्ने सम्बन्धमा निर्णय लिन सक्नेछ ।

(२) गाउँ कार्यपालिकाले कुनै विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्ने, कक्षा घटुवा गर्ने वा बन्द गर्ने वा विद्यालयको नामकरण सम्बन्धमा सिफारिस गर्न एक विद्यालय समायोजन समिति गठन गर्न सक्नेछ ।

(३) विद्यालय समायोजन समितिको गठन तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको समितिको बैठक, काम कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) विद्यालय समायोजन समितिको राय तथा प्रतिवेदन गाउँ शिक्षा समिति मार्फत गाउँ कार्यपालिकामा पेश हुनेछ ।

*२४क. गाँउपालिकाले शिक्षकको दरबन्दी निर्धारण तथा मिलान गर्नेः

(१) गाँउपालिकाले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने शिक्षकहरूको दरबन्दी निर्धारण गर्नेछ ।

(२) शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र पठनपाठन हुने विषयका आधारमा राष्ट्रिय मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) शिक्षक दरबन्दी मिलान गर्नु पर्ने भएमा उपदफा (२) को शिक्षक विद्यार्थी अनुपात, दरबन्दी मिलानको आवश्यकता तथा औचित्यता, भौगोलिक अवस्थालगायतका आधारमा प्रत्येक शैक्षिक सत्रको सुरुमा गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम दरबन्दी मिलान तोकिए बमोजिमको विधि तथा प्रक्रिया अबलम्बन गरी गर्नुपनेछ ।

२५. विद्यालयको सम्पत्तिः

*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति स्थानीय तहले अन्य विद्यालयका काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त रकम गाउँपालिका शिक्षा कोषमा जम्मा गर्न सक्नेछ।

(२) सार्वजनिक गुठीकोरूपमा सञ्चालित विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा हुनेछ । कुनै कारणले सो विद्यालय बन्द भएमा सो विद्यालयको नाममा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ ।स्थानीय तहले त्यस्तो सम्पत्ति कुनै सामुदायिक विद्यालयको काममा प्रयोगमा लगाउन वा बेचबिखन गरी प्राप्त रकम गाउँपालिका शिक्षा कोषमा जम्मा गर्न सक्नेछ।

(३) कम्पनीकोरूपमा सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संस्थासँग दान दातव्यकोरूपमा कुनै किसिमको चलअचल सम्पत्ति प्राप्त गर्नु अघि स्थानीय तहको पूर्व स्वीकृति लिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति स्थानीय तहका स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

(६) विद्यालयले प्रत्येक वर्ष कम्तिमा एकपटक अभिभावकहरूको भेला गराई अघिल्लो शैक्षिक वर्षको आय व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको विवरण सार्वजनिक गर्नुपर्नेछ।

२७. विद्यालयलाई छुट तथा सुविधाः

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालयको नाममा जुनसुकै लिखत गर्दा रजिष्ट्रेसन दस्तुर लाग्नेछैन।

२७ अनुमति वा स्वीकृति रद्द गर्न सक्नेः

*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(१) कुनै संस्थागत विद्यालयले यो ऐन वा यस अन्तर्गत बनेको नियम बिपरित कुनै काम गरेमा तोकिएको निकाय वा अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएका अनुमति वा स्वीकृति रद्द गर्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

२८. विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

२९. शुल्क सम्बन्धी व्यवस्थाः

(१) सामुदायिक विद्यालयले विद्यार्थीबाट कुनै शुल्क लिन पाउने छैनन्।

(२) कुनै विद्यालयले यस ऐन वा यस अन्तर्गत बनेको नियमावली विपरित विद्यार्थीहरूबाट कुनै शुल्क लिएमा तोकिएको निकाय वा अधिकारीले शुल्क लिने विद्यालयलाई कानुनबमोजिम जरिवाना गर्न सक्नेछ। विद्यार्थीबाट उठाइएको शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराउनु पर्नेछ।

(४) भर्ना शुल्कलगायतका बारेमा यस ऐन अन्तर्गत बनेको नियमावली अनुसार हुनेछ।

३०. शिक्षक महासंघ, शिक्षकको पदीय आचरण तथा अन्य व्यवस्थाः

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न गाउँपालिका स्तरीय शिक्षक महासंघ गठन हुनेछ।

(२) †...

(३) शिक्षक महासंघको निर्वाचन तोकिए बमोजिम हुनेछ।

(४) शिक्षकले कुनै पनि राजनैतिक दलको निर्वाचनमा भाग लिन, कुनै राजनैतिक दलको कुनै पदमा रही काम गर्न वा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्न हुदैन। तर प्रचलित कानुन बमोजिम आफूले पाएको मताधिकार प्रयोग गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिनेछैन।

(५) देहायका अवस्थामा शिक्षकलाई पदबाट हटाइनेछः

(क) उपदफा (४) विपरित कार्य गरेमा,

*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

(ख) पदीय दायित्व पूरा नगरेमा,

(ग) बिना सूचना लगातार १५ दिन भन्दा बढी विद्यालयमा अनुपस्थित रहेमा,

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

.(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

*३०क. अन्यत्र नोकरी वा सेवा गर्न नहुनेः शिक्षकले आफ्नो विद्यालय वा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले खटाएको विद्यालय शिक्षा प्रशासन तथा शिक्षण सिकाइका अन्य क्षेत्रमा बाहेक कुनै क्षेत्रमा नोकरी गर्न वा आर्थिक लाभ लिने गरी परामर्शदाता, सल्लाहाकार, विशेषज्ञ वा कुनै हैसियतले कार्य गर्नु हुँदैन ।

(क) दफा ३०क मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा प्रभाव नपर्ने गरी र नेपाल सरकारको नीति विपरित नहुने गरी शिक्षकले साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार, खुला तथा दुर शिक्षा कार्यक्रम वा खेलकुद सम्बन्धी कार्य गर्न बाधा पुग्ने छैन ।

(ख) स्थानीय तहको पुर्व स्वीकृति लिई विद्यालय समय बाहिरको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न बाधा पुग्ने छैन ।

(ग) विद्यालयको काममा बाधा नपर्ने गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण तथा शिक्षा सम्बन्धी अन्य कार्य वा अनुसन्धान गर्न बाधा पुग्ने छैन ।

(घ) आर्थिक लाभ वा कुनै सुविधा नलिने, विद्यालयको काममा बाधा नपर्ने र नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको अहित नहुने गरी पेशागत संगठन वा कुनै सञ्जालमा आवद्ध हुन बाधा पुग्ने छैन ।

३१. विद्यालयको शिक्षक तथा कर्मचारीको लागि आवश्यक न्यूनतम योग्यता संघीय शिक्षा ऐन तथा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

३२. शिक्षकको सरुवा तोकिए बमोजिम हुनेछ । *गाउँकार्यपालिकाले आवश्यकता, औचित्यता तथा समग्र शिक्षा क्षेत्रलाई सुधार गर्न तहगत तथा विषयगत दरबन्दी मिलान गर्न विशेष कार्यदलबाट सरोकारवालाहरूको सूझावका आधारमा शिक्षक सरुवा गर्न सक्नेछ।

३३. ...†

३४. संस्थागत विद्यालयको हकमा लागु नहुनेः यस ऐनमा लेखिएदेखि बाहेक दफा १७ उपदफा (१), दफा २२ उपदफा (१) को खण्ड (क), (ख) र (ग) , दफा २४ , दफा २४क ,दफा २९, दफा ३२ संस्थागत विद्यालयको हकमा लागु हुनेछैन ।

३५. दण्ड सजायः

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा सार्वजनिक सम्पत्ति हिनामिना गरेसरह प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

(२) कसैले देहायका कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले कसुरको मात्रा हेरी एक लाख रूपैयासम्म जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिकाको परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

.(३) उपदफा (१) र (२) बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर सम्बन्धित अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा

*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा (१) र (२)मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिमको सजाय गर्न सक्नेछ:

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्कासन गर्ने,

(ग) कसुरको मात्रा हेरी एक हजाररूपैँयादेखि पच्चीस हजाररूपैँयासम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

(५) नेपाल सरकार वादी हुनेः दफा ३५ को उपदफा (१) र (२) बमोजिमको मुद्दा नेपाल सरकारवादी हुनेछ ।

३६. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न मालिका गाउँपालिका गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

३७. बाधा अड्काउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्चन परेमा स्थानीय तह मालिका गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ । त्सस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ ।

३८. यो ऐन लागु हुनुपूर्व अनुमति तथा स्वीकृति लिई सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालय यसै ऐन बमोजिम अनुमति लिए सरह मानिनेछ ।

३९. बचाउ र लागु नहुनेः यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा नेपाल सरकारको प्रचलित कानुन लागु हुनेछ ।



*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको

*पहिलो संशोधनबाट थपिएको † पहिलो संशोधनबाट हटाइएको